श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पर्यटन मन्त्रालयको कायम मुकायम सचिव श्री नरसिंहनारायण सिंहलाई शिक्षा सेवा रा. प. प्रथम श्रेणी, परीक्षा नियन्त्रक पदमा रहेको निजको पदाधिकार कायमै राखी शिक्षा तथा संस्कृति मन्त्रालयको सचिव पदमा मिति २०३८।११।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३८।११।१५ को निर्णयानुसार श्री तेजबहादुर प्रसाईलाई शिक्षा तथा संस्कृति मन्त्रालयको सचिव पदबाट सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूहको विशिष्ट श्रेणीको पदमा सरुवा गरेको छ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

जलस्रोत मन्त्रालयका सचिव श्री पशुपतिप्रताप शाह २०३८ फाल्गुन १७ गतेदेखि घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री सुवर्णजङ्ग राणालाई सोही मितिदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१०